बनेपा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

प.सं. ०८०/०८१

च.नं. :

## सूचना ! सूचना !! सूचना !!!

**(प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०९/२३ )**

सहकारी सम्वन्धी पछिल्लो समयमा देखिएका विविध किसिमका समस्याहरु प्रति प्रचलित कानूनी व्यवस्था र सहकारीका आधारभूत सिद्धान्त र मूल्यमान्यता प्रति सम्वन्धित सवै पक्षहरुलाई जिम्मेवार हुन र हालै बनेपा नगरपालिकाले नगर सहकारी नियमावली, २०८० र सहकारी संस्थाहरुको आन्तरिक अनुगमन तथा स्व - मूल्यांकन मापदण्ड , २०८० निर्माण गरी लागू भई सकेको तथा मिति २०८०/०९/१३ गते बनेपा नगरपालिकाको नियमन क्षेत्राधिकार भित्रका सवै प्रकृतिका सहकारी संस्थाहरुका अध्यक्ष र प्रवन्धकहरुका लागि माथि उल्लेखित कानूनको कार्यान्वयन सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भई सकेको छ । सहकारी सम्वन्धी प्रचलित ऐन , यिमम , कानून र माथि उल्लेखित कानून समेतका आधारमा सम्वन्धित सवै संस्थाहरुलाई आ आफ्नो विनियम पुनर्लेखन गरी मिति २०८० माघ १३ गते भित्र बनेपा नगरपालिकामा स्वीकृतिका लागि पेश गर्न निर्देशन जारी भई सकेकोले आ आफ्नो संस्थाको साधारण सभा वा विशेष साधारण सभामा सम्वन्धित सदस्यहरु उपस्थित भई संस्थाका विभिन्न समिति तथा उप समितिमा रहेका व्यक्तिहरु यस नगरको स्थायीबासी भए नभएको र तोकिए बमोजिमको समय सीमा भित्र साधारण सभा वा विशेष साधारण सभा भए नभएको विषयमा आवश्यक जानकारी वा सूचना यस कार्यालयलाई दिनुहुन सम्वन्धित सवैमा यो सूचना जारी गरिएको छ ।

सहकारी सम्वन्धी यस कार्यालयका तपसिल बमोजिमका कार्यक्रमहरुको जानकारी पनि यहि सूचना मार्फत गराईन्छ ।

१) यस नगर क्षेत्रमा मुख्य कार्यालय , शाखा कार्यालय वा सेवा केन्द्र राखी सन्चालनमा रहेका प्रदेश तथा संघीय नियमन क्षेत्राधिकार अन्तर्गतका सहकारी संस्थाहरुका प्रवन्धकहरुलाई ती संस्थाहरुसँग सम्वन्धित विषयवस्तुहरुको बारेमा मिति २०८०/१०/ ७ गते भित्र अभिमुखीकरण गर्ने ।

२) मिति २०८० /०९/२९ गते भित्र नगर सहकारी नियमावली २०८० को नियम १०० को उप नियम ४ बमोजिमको समितिमा रहने सोही उप नियमको खण्ड (च) र खण्ड ( ङ ) बमोजिमका सदस्यहरुको नियुक्ति तथा मनोनयन गरिसक्ने ।

३) माथि प्रकरण नं. ३ मा उल्लेख भएको समितिको सोही उप नियमको खण्ड ( छ ) मा उल्लेख भए बमोजिको सदस्यहरुका लागि मिति २०८० माघ १० गते भित्र तोकिए बमोजिमको सूची तयार गरिसक्ने ।

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, पो.ब.नं. ५०९,

बनेपा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल


प.सं. ०८०/०८१

च.नं. :

४) मिति २०८० /१०/२५ गते भित्र नगर सहकारी नियमावली २०८० को नियम १०० को उप नियम (४) को खण्ड ( घ ) बमोजिमका सदस्यहरुको निर्बाचन गरी सक्ने ।

५) मिति २०८० साल माघ मसान्त भित्र नगर सहकारी नियमावली २०८० को नियम १०० को उप नियम (४) बमोजिमको पूर्ण बैठक वसी सहकारीका आगामी नीति तथा कार्यक्रम र योजनाहरु तय गर्ने ।

६) मिति २०८० साल फागुन समान्त भित्र नगरको नियमन क्षेत्र भित्रका सवै प्रकृतिका सहकारी संस्थाहरुले आफू भित्र बिद्यमान रहेका सवै किसिमका समस्याहरुको पहिचान गरी त्यसमा सुधारको योजना नगरपालिकामा पेश गर्ने ।

७) मिति २०८०/१०/१७ गते सम्वन्धित संस्था , नगरपालिका र अन्य सरोकारवाला निकायहरुको समन्वयमा आवश्यक तालिमहरु सन्चालन गर्ने ।

...................................

( भोला प्रसाद चापागाई )

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत